# झिमरुक गाउँपालिका

# आर्थिक ऐन, २०७४

झिमरुक गाउँपालिका

# झिमरुक गाउँपालिकाको आर्थिक ऐन

# झिमरुक गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन

सभाले स्वीकृत गरेको मितिः २०७४/०४/२४

प्रमाणिकरण मितिः २०७४/०४/२४

**प्रस्तावनाः** झिमरुक गाउँपालिकाको आर्थिक वर्ष २०७४/०७५ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम झिमरुक गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम “आर्थिक ऐन, २०७४” रहेको छ ।

(२) यो ऐन २०७४ साल श्रावण २४ गतेदेखि झिमरुक गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।यस अघि आर्थिक वर्ष २०७४/०७५ झिमरुक गाउँपालिकाबाट संकलन गरिएको कर, शुल्क लगायतका दस्तुर यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

२. **सम्पति करः** गाउँपालिका क्षेत्रभित्र एकिकृत सम्पति कर विस्तृत अध्ययन गरे पश्चात लगाइने छ । गाउँपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३. **भूमि कर (मालपोत):** गाउँपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. **घर वहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. **व्यवसाय करः** गाउँपालिका/नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः** विस्तृत अध्ययन पश्चात गाउँपालिकाका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत कर लगाइने र असूल उपर गरिनेछ ।

७. **सवारी साधन करः** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (५) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **विज्ञापन करः** गाउँपालिकाका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (६) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **मनोरन्जन करः** गाउँपालिकाका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (७) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ । ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०. **बहाल बिटौरी शुल्कः** गाउँपालिका/नगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (८) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. **पार्किङ शुल्कः** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (९) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२. **ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र न्याफ्टीङ्ग शुल्कः** गाउँपालिकाले पूर्वाधारको विकास तथा विस्तृत अध्ययन गरे पछि आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र न्याफ्टीङ्ग सेवा वा व्यवसाय संचालन गरे बापत शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. **सेवा शुल्क, दस्तुरः** गाउँपालिका/नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि १० मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१४. **पर्यटन शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची (११) मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१५. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१६. **दण्ड जरिवाना**ः यस ऐन बमोजिम समयमा कर, शुल्क तथा दस्तुर समयमा नबुझाउने पक्षलाई ५ प्रतिशत जरिवाना लाग्नेछ ।

१७. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि अनुसूची (१२) मा व्यवस्था भए बमोजिम हुने छ ।दण्ड, जरिवाना तथा कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि गाउँपालिकाले तयार गर्न सक्नेछ ।

अनुसूची - १

(ऐनको दफा २ सँग सम्बन्धित)

# घर कर

| सि. न. | विवरण | कर रकम (बार्षिक) रु. | कैफियत |
|---|---|---|---|
| १. | खरको छानाको घर | नि:शुल्क | |
| २. | ढुङ्गा/टिन/टायल को घर | १००.०० | |
| ३. | ढलान/ पक्की घर | ५००.०० | |

अनुसूची - २

(ऐनको दफा ३ सँग सम्बन्धित)

## भूमि कर/मालपोत कर

| सि. न. | विवरण | बार्षिक रकम रु. | कैफियत |
|---|---|---|---|
| १. | अब्बल (५ रोपनी सम्म ) | १००.०० | |
| २. | अब्बल (५ रोपनी भन्दा माथि प्रति रोपनी ) | ३०.०० | |
| ३. | दोयम (५ रोपनी सम्म ) | ७५.०० | |
| ४. | दोयम (५ रोपनी भन्दा माथि प्रति रोपनी ) | २०.०० | |
| ५. | सीम (५ रोपनी सम्म ) | ५०.०० | |
| ६. | सीम (५ रोपनी भन्दा माथि प्रति रोपनी ) | १५.०० | |
| ७. | चाहार (५ रोपनी सम्म ) | ३०.०० | |
| ८. | चाहार (५ रोपनी भन्दा बढी प्रति रोपनी ) | ७.०० | |

अनुसूची - ३

(ऐनको दफा ४ सँग सम्बन्धित)

# घर बहाल कर

| क्र.सं. | विवरण | करको दर | कैफियत |
|---|---|---|---|
| १ | भवन | भाडाको १०% | |
| २ | घर | भाडाको १०% | |
| ३ | पसल | भाडाको १०% | |
| ४ | ग्यारेज | भाडाको १०% | |
| ५ | जग्गा | भाडाको १०% | |
| ६ | गोदाम | भाडाको १०% | |
| ७ | टहरा, छप्पर | भाडाको १०% | |
| ८ | पोखरी | भाडाको १०% | |

अनुसूची - ४

(ऐनको दफा ५ सँग सम्बन्धित)

## व्यवसाय कर

| क्र.सं. | विवरण | | वार्षिक कर रु. | कैफियत |
|---|---|---|---|---|
| १. | मदिरा पसल | वितरक | १००००.०० | |
| | | थोक | ५०००.०० | |
| | | खुद्रा | २०००.०० | |
| २. | चुरोट बिडी सुर्ती जन्य | वितरक | २०००.०० | |
| | | थोक | १५००.०० | |
| ३. | हल्का पेय पदार्थ | वितरक | २०००.०० | |
| | | थोक | १५००.०० | |
| ४. | सुनचाँदी पसल | खुद्रा पसल र मर्मत | २०००.०० | |
| ५. | औषधी पसल | थोक | १५०००.०० | |
| | | खुद्रा | २५००.०० | |
| ६. | माछामासु बिक्री पसल | | २०००.०० | |
| ७. | आयुर्वेदिक औषधी पसल | | ७००.०० | |
| ८. | एग्रोभेट पसल | थोक | ५०००.०० | |
| | | खुद्रा | १०००.०० | |
| ९. | स्टेशनरी तथा पुस्तक पसल | थोक | ५०००.०० | |
| | | खुद्रा | २०००.०० | |
| १०. | छपाइ तथा प्रकाशन | अफसेट प्रेस | ५०००.०० | |
| | | साधारण प्रेस | २५००.०० | |
| ११. | कस्मेटिक पसल | | १०००.०० | |
| १२. | मोटर पार्ट्स/मर्मत | थोक | ५०००.०० | |
| | | खुद्रा | १०००.०० | |
| १३. | प्लाइ तथा ग्लास | थोक | ८०००.०० | |
| | | खुद्रा | १०००.०० | |

| | | | | |
|---|---|---|---|---|
| १४. | कपडा/फेन्सी/जुत्ताचप्पल/ब्याग पसल | थोक | ७०००.०० | |
| | | खुद्रा | १०००.०० | |
| १५. | इलेक्ट्रोनिक पसल (मोबाइल, घडी, क्याल्कुलेटर अडियो, भिडियो, आदि) | थोक | ५०००.०० | |
| | | खुद्रा | १०००.०० | |
| १६. | हार्डवेयर/ मेसिनरी/स्यानिटरी/मार्बल पसल | थोक | २००००.०० | |
| | | खुद्रा | १००००.०० | |
| | | ग्यास सिलिन्डर सब डिलर | १५००.०० | |
| | | मट्टितेल मात्र बिक्री | २०००.०० | |
| १७. | पेट्रोलियम पदार्थ | ग्यास सिलिन्डर सब डिलर | १५००.०० | |
| | | मट्टितेल मात्र बिक्री | २०००.०० | |
| १८. | स्टिल आलमुनियम पसल | थोक | २०००.०० | |
| | | खुद्रा | १०००.०० | |
| १९. | फर्निचर | खुद्रा | २०००.०० | |
| २०. | इटा, ढुङ्गा तथा गिट्टी बालुवा बिक्री वितरण गर्ने | | १५००.०० | |
| २१. | कपडा सिलाइ कटाइ | टेलरिङ आधुनिक | १०००.०० | |
| | | हाते मेसिन | ५००.०० | |
| २२. | क्यारेम बोर्ड | | २००.०० | |
| २३. | पशु आहार बिक्री केन्द्र | | १०००.०० | |
| २४. | फलफूल/तरकारी पसल | | १०००.०० | |
| २५. | उपहार/ गिफ्ट/ खेलौना पसल | | १०००.०० | |
| २६. | भाँडा पसल (स्टील, प्लास्टिक,आल्मुनियम सबैथरी) | | २०००.०० | |
| २७. | | चिकित्सक | ५०००.०० | |

| | | | | |
|---|---|---|---|---|
| | विशेषज्ञ परामर्श तथा अन्य व्यावसायी सेवा | कन्सल्टेन्ट सेवा(इन्जिनियरिङ्ग) | ५०००.०० | |
| | | कानुन व्यावसायी ल फर्म | ५०००.०० | |
| | | लेखापरीक्षण व्यावसायी | ५०००.०० | |
| | | दन्त चिकित्सक | ३०००.०० | |
| | | अनुसन्धानकर्ता परामर्शदाता | २५००.०० | |
| | | पशु चिकित्सक | १५००.०० | |
| | | रोजगार सेवा | २०००.०० | |
| २८. | ढुवानी तथा ट्रान्सपोर्ट | | २५००.०० | |
| २९. | पेन्टर/ साइनबोर्ड लेख्ने | | ५००.०० | |
| ३०. | खोटो व्यवसायी | | २००००.०० | |
| ३१. | जग्गा व्यवसायी | | ५००००.०० | |
| ३२. | निर्माण व्यवसायी | | ७०००.०० | |
| ३३. | यस वर्गीकरणमा नपरेका व्यवसायको हकमा | | ५००.०० | |
| | **उत्पादनमूलक उद्योग** | | | |
| ३४. | ग्रील उद्योग | | २५००.०० | |
| ३५. | जुत्ता उद्योग | | ५००.०० | |
| ३६. | घरेलु कुटिर उद्योग(अगरबत्ती, मैनबत्ती, टीकी, अचार तथा अन्य कुटिर) | | १००.०० | |
| ३७. | कपडा तथा गार्मेन्ट सिरक डस्ना उद्योग | | १०००.०० | |
| ३८. | कुटानी पेलानी/ मिल/ मसला | | १०००.०० | |
| | | | | |
| ३९. | डेरी उद्योग/ व्यवसाय | | ५००.०० | |

| | | | | |
|---|---|---|---|---|
| ४०. | उपभोग्य वस्तु उत्पादन उद्योग | कुकिज / नुडल्स/ दालमोठ/ पाउरोटी चाउमीन/ पापड चिप्स | ५००.०० | |
| ४१. | वनजन्य उद्योग | काठ बिक्री डिपो | १००००.०० | |
| ४२. | क्रसर/कन्क्रीट/इटा भट्टा उद्योग | | ५०००.०० | |
| ४३. | ढाकाटोपी /पस्मिना उद्योग | | ३००.०० | |
| ४४. | **होटल लज रेष्टुरेन्ट** | होटल र लज | ३०००.०० | |
| | | भोजनालय | १०००.०० | |
| | | मिठाई पसल | ७००.०० | |
| | | पार्टी प्यालेस | ३५००.०० | |
| | | रेष्टुरेन्ट-बार | ५०००.०० | |
| | | चिया र खाजा पसल | ५००.०० | |
| | | साना, खाजा-नास्ता पसल (मदिरासहित) | १२००.०० | |
| ५४. | टेन्ट हाउस | | ३०००.०० | |
| | **सेवा उद्योग** | | | |
| ५५. | सञ्चार | एफ.एम. प्रसारण | २०००.०० | |
| | | केवुल च्यानल प्रसारण | १०००.०० | |
| | | पत्रपत्रिका प्रकाशन सेवा | ५००.०० | |
| | | फोटोकपी, पी.सि.ओ साइबर तथा क्याफे | ५००.०० | |
| | | कुरियर सेवा | १०००.०० | |
| | | कलर ल्याब/ फोटोस्टुडियो | १०००.०० | |

| | | | | |
|---|---|---|---|---|
| ५६. | वित्तीय | वाणिज्य बैंक प्रति शाखा | ४००००.०० | |
| | | विकास बैंक प्रति शाखा | ३००००.०० | |
| | | फाइनान्स कम्पनी शाखा कार्यालय | २००००.०० | |
| | | लघु वित्त | १५०००.०० | |
| | | मनी ट्रान्सफर | ५०००.०० | |
| | | वित्तीय/ वचत/ऋण सहकारी संस्था | १००००.०० | |
| | | उपभोत्ता/कृषि/महिला सहकारी | १०००.०० | |
| ५७. | स्वास्थ्य सेवा व्यवसाय | निजी अस्पताल तथा नर्सिङ्ग होम | १००००.०० | |
| | | क्लिनिक तथा ल्याब | ५०००.०० | |
| | | चस्मा पसल | १०००.०० | |
| ५८. | शिक्षा सेवा निजी | मावि | २००००.०० | |
| | | आधारभूत | २५००.०० | |
| | | छात्रावास | १५००.०० | |
| | | मन्टेश्वरी | १५००.०० | |
| | | ट्युशन सेन्टर | १५००.०० | |
| | | कम्प्युटर / नृत्यकला सिकाइ केन्द | १०००.०० | |
| | | तालीम तथा अनुसन्धान केन्द्र | १०००.०० | |

| | | | | |
|---|---|---|---|---|
| | | टायर-ट्युव मर्मत, रिसोलिङ्ग,हावा भर्ने | ५००.०० | |
| | | इन्जिन मर्मत | ५००.०० | |
| | | डेन्टिङ्ग पेन्टिङ्ग | ५००.०० | |
| ५९. | मर्मत सम्भार | टि.भी, फ्रिज, मोटर, पङ्खा, रेडियो, घडी जेनेरेटर, कम्प्युटर, मोबाइल (इलेक्ट्रोनिक) | १०००.०० | |
| | | मोटरसाइकल मर्मत | १०००.०० | |
| | | बस, ट्याक्सी लगायतका सवारी साधन मर्मत | २५००.०० | |
| | | अन्य विविध मर्मत | ५००.०० | |
| ६०. | ड्राइ क्लिनिक, व्युटी पार्लर तथा सैलुन | | ५००.०० | |
| ६१. | फूल विरुवा पसल/ नर्सरी | | ५००.०० | |
| ६२. | गैर सरकारी संस्थाहरु | राष्ट्रिय | ३०००.०० | |
| | | अन्तराष्ट्रिय | २००००.०० | |

अनुसूची - ५

(ऐनको दफा ७ सँग सम्बन्धित)

## सवारी कर

| क्र.सं. | सवारी साधनको किसिम | वार्षिक कर रु. | कैफियत |
|---|---|---|---|
| १ | मोटर साइकल | ५०.०० | |
| २ | प्राइभेट कार जिप भ्यान | २००.०० | |
| ३ | भाडा कार जीप भ्यान | १५००.०० | |
| ४ | ट्र्याकटर | १५००.०० | |
| ५ | मिनिबस बस ट्रक | ५००.०० | |
| ६ | हेभी गाडी डोजर क्रेन | ३०००.०० | |

अनुसूची - ६

(ऐनको दफा ८ सँग सम्बन्धित)

## विज्ञापन कर

| क्र.सं. | प्रकार | वार्षिक कर रु. | कफियत |
|---|---|---|---|
| १ | डिजिटल डिस्प्ले | १०००.०० | |
| २ | पर्खाल बार भित्ता आदिमा पोतिएको प्रतिवर्ग फुट | १०.०० | |
| ३ | पोल व्यानर | १००.०० | |
| ८ | साइनबोर्ड प्रति वर्ग फूट | २००.०० | |

अनुसूची - ७

(ऐनको दफा ९ सँग सम्बन्धित)

## मनोरञ्जन कर

| क्र.सं. | विवरण | बार्षिक कर रु. | कैफियत |
|---|---|---|---|
| १ | जादु सर्कस प्रति पटक | २००.०० | |
| २ | नाटक प्रति पटक | २००.०० | |
| ३ | दोहोरी साँझ वार्षिक | २००००.०० | |
| ४ | मेला महोत्सब | ५०००.०० | |

अनुसूची - ८

(ऐनको दफा १० सँग सम्बन्धित)

## बहाल विटौरी शुल्क

| क्र.सं. | विवरण | | कर रु. | कैफियत |
|---|---|---|---|---|
| १. | हाटबजार | प्रति स्टल/ बार्षिक | १०००.०० | भइसकेपछि |
| २. | पसल | प्रति पसल/बार्षिक | १०००.०० | भइसकेपछि |
| ३. | हल भाडा | प्रति दिन | १२००.०० | |
| ४. | कुर्सी | प्रतिदिन | ५.०० | |

अनुसूची - ९

(ऐनको दफा ११ सँग सम्बन्धित)

## पार्किङ्ग शुल्क

| क्र.सं. | सवारी किसिम | प्रति दिन शुल्क रु. | कैफियत |
|---|---|---|---|
| १ | मोटर साइकल | १०.०० | पार्किङ्गस्थल व्यवस्थापन पछी |
| २ | कार | २०.०० | |
| ३ | बस ट्रक | ५०.०० | |
| ४ | ट्र्याक्टर | ४०.०० | |

अनुसूची - १०

(ऐनको दफा १३ सँग सम्बन्धित)

## सेवा शुल्क, दस्तुर

| क्र.सं. | विवरण | | शुल्क, दस्तुर रु | कैफियत |
|---|---|---|---|---|
| १. | घरजग्गा नामसारी सिफारीस | | ३००.०० | |
| २. | घर कायम सिफारीस | पक्की घर | २००.०० | |
| | | कच्ची घर | १००.०० | |
| ३. | सरजमिन सिफारीस दस्तुर | | २००.०० | |
| ४. | छात्रवृति सिफारीस | | ५०.०० | |
| ५. | विपन्न/असहाय विद्यार्थी छात्रवृति सिफारीस | | निःशुल्क | |
| ६. | अपाङ्गता भएको सिफारीस | | निःशुल्क | |
| ८. | अस्थाइ बसोबास सिफारीस | | १००.०० | |
| ९. | स्थायी बसोबास सिफारीस | | २००.०० | |
| १०. | नागरिकता सिफारीस | वंशज | २००.०० | |
| | | अंगिकृत | १०००.०० | |
| ११. | विद्युत जडान सिफारीस | | १००.०० | |
| १२. | धारा जडान सिफारीस | | १००.०० | |
| १३. | जीवित रहेको सिफारीस | | २००.०० | |

| | | | | |
|---|---|---|---|---|
| १४. | दुबै नाम गरेको व्यक्ति एकै हो भन्ने वा फरक जन्ममिति संशोधन सिफारीस | | २००.०० | |
| १५. | व्यवसाय बन्द सिफारीस | | १००.०० | |
| १६. | व्यवसाय सञ्चालन नभएको सिफारीस | | २००.०० | |
| १७. | व्यापार व्यवसाय नभएको सिफारीस | | १००.०० | |
| १८. | कोर्ट फी मिनाहा सिफारीस | | निशुल्क | |
| १९. | नाबालक परिचयपत्र सिफारीस | | २००.०० | |
| २०. | चौपाया सम्बन्धी सिफारीस | | १००.०० | |
| २१. | व्यवसाय दर्ता सिफारीस | | ५००.०० | |
| २२. | उद्योग ठाउँसारी सिफारीस | | ५००.०० | |
| २३. | विद्यालय ठाउँसारी सिफारीस | | १००.०० | |

| | | | | |
|---|---|---|---|---|
| २४. | आन्तरिक बसाइसराइ सिफारीस | | १००.०० | |
| २५. | विद्यालय सञ्चालन स्वीकृत कक्षा वृद्दि/ सिफारीस | | १००.०० | |

| | | | | |
|---|---|---|---|---|
| २६. | व्यक्तिगत विवरण सिफारिस/ नवीकरण सिफारीस | | ५००.०० | |
| २७. | जग्गा दर्ता सिफारीस | | २००.०० | |
| २८. | संरक्षक सिफारीस व्यक्तिगत | | १००.०० | |
| २९. | संरक्षक सिफारीस संस्थागत | | ५००.०० | |
| ३१. | कोठा खोल्न कार्य रोहबरमा बस्ने सिफारीस | | १००.०० | |
| ३२. | स्वास्थ्य उपचारको सिफारीस | निशुल्क उपचारको लागि | निःशुल्क | |
| | | सशुल्क उपचारको लागि | १००.०० | |
| ३३. | संस्था दर्ता सिफारीस | | ५००.०० | |
| ३४. | जग्गा धनीपुर्जा हराएको सिफारीस | | २००.०० | |
| ३५. | जीवित सँगको नाता प्रमाणित | | १००.०० | |
| ३६. | मृतकसँगको नाता प्रमाणित | | २००.०० | |
| ३७. | आर्थिक अवस्था बलियो वा सम्पन्नता प्रमाणित | | ५००.०० | |
| ३८. | आर्थिक अवस्था कमजोर वा विपन्नता प्रमाणित | | १००.०० | |
| ३९. | जग्गा मुल्याङ्कन सिफारीस/ प्रमाणित | | कूल मूल्याङ्कको ०.२% | |
| ४०. | चारकिल्ला प्रमाणित | | ५००.०० | |
| ४१. | जन्ममिति प्रमाणित | | १००.०० | |

| | | | | |
|---|---|---|---|---|
| ४२. | घर बाटो प्रमाणित | बाटो भएकोमा | ५००.०० | |
| | | बाटो नभएकोमा | २००.०० | |
| ४३. | विवाह प्रमाणित | | ५००.०० | |
| ४४. | कागज/ मञ्जुरिनामा प्रमाणित | | २००.०० | |
| ४५. | हकवाला वा हकदार प्रमाणित | | २००.०० | |
| ४६. | घर सम्पन्न सिफारीस/ प्रमाणित | पक्की | ५००.०० | |
| | | कच्ची | २००.०० | |
| ४७. | अविवाहित प्रमाणित | | २००.०० | |
| ४८. | अपुताली सिफारिस | | २००.०० | |
| ४९. | अन्य सिफारीस वा प्रमाणित | | १००.०० | |
| ५०. | घर नक्सापास दस्तुर | पक्की घर प्रति वर्ग फिट | २.०० | |
| | | कच्ची घर | ५० पैसा | |
| ५१. | नक्सा पास निवेदन फाराम दस्तुर | | ५०.०० | |
| ५२. | सरसफाइ शुल्क | मासिक | १००.०० | |
| | | सरसफाइ कार्डको | ५०.०० | |
| | नोटः सरसफाइ सम्बन्धी पुर्वाधार बनेपछि लाग्नेछ । | | | |
| माथि उल्लिखित सिफारीस वा प्रमाणितको प्रतिलिपी आवश्यक परेमा पनि सुरु तोकिएको दस्तुर पुनः लाग्नेछ । र उल्लिखित कागजात अंग्रेजी भाषामा आवश्यक परेमा रु. ५०० लाग्नेछ । माथि उल्लिखित सिफारीस र प्रमाणित बाहेक कुनै निर्णय वा फैसला आदिको नक्कल आवश्यक परेमा प्रतिपाना १० रुपैयाँ दस्तुर लाग्नेछ । | | | | |
| | **दर्ता शुल्क** | | | |
| ५३. | जन्म दर्ता | ३५ दिनभित्र भए निशुल्क अन्यथा | १००.०० | |
| ५४. | मृत्य दर्ता | ३५ दिनभित्र भए निशुल्क अन्यथा | १००.०० | |
| ५५. | बसाइसराइ जाने आउने दर्ता | ३५ दिनभित्र भए निशुल्क अन्यथा | ५००.०० | |

| | | | | |
|---|---|---|---|---|
| ५६. | सम्बन्ध विच्छेद दर्ता | ३५ दिनभित्र भए निशुल्क अन्यथा | १००.०० | |
| ५७. | विवाह दर्ता | ३५ दिनभित्र भए निशुल्क अन्यथा | ३००.०० | |
| ५८. | नया व्यवसाय दर्ता (चुक्ता पुँजीको आधारमा) | १ लाख सम्मको | २००.०० | |
| | | १ लाख देखि ५ लाखसम्मको | ५००.०० | |
| | | ५ लाख देखि २० लाख सम्मको | १०००.०० | |
| | | २० लाख देखि माथि | ५०००.०० | |
| ५९. | उजुरी दर्ता तथा मुद्दा दस्तुर | | २००.०० | अवस्था हेरी निशुल्क |
| ६०. | व्यवसाय नविकरण (चुक्ता पुँजीको आधारमा) | १ लाख सम्मको | १००.०० | |
| | | १ लाख देखि ५ लाखसम्मको | २००.०० | |
| | | ५ लाखदेखि २० लाख सम्मको | ३००.०० | |
| | | २० लाखदेखि माथि | १०००.०० | |

अनुसूची - ११

(ऐनको दफा १४ सँग सम्बन्धित)

## पर्यटन शुल्क

| क्र.सं. | पर्यटक किसिम | शुल्क अमिरिकी डलरमा | कैफियत |
|---|---|---|---|
| १. | भारत | २.०० | |
| १. | सार्क भित्रका (भारत बाहेक) | १०.०० | |
| २. | एसिया भित्रका | १५.०० | |
| ३. | अन्य मुलुकका | २०.०० | |

अनुसूची - १२

(ऐनको दफा १६ सँग सम्बन्धित)

**झिमरुक गाउँपालिकालाई बुझाउनु पर्ने कर, शुल्क, दस्तुरहरुको विवरण तालिका:**

| क्र.सं. | करको विवरण | कस्ले तिर्ने | काँहा तिर्ने | कति तिर्ने | कहिले तिर्ने | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | घर जग्गा कर/ सम्पति कर | घर धनीले | गाउँ कार्यपालिकाको कार्यालय/वडा कार्यालयमा | नियमानुसार | चैत्र मसान्त भित्र | |
| २. | घर बहाल कर | घर धनीले वा सम्झौता अनुसार | गाउँ कार्यपालिकाको कार्यालय/वडा कार्यालयमा | नियमानुसार | जेठ मसान्त सम्म | |
| ३. | मालपोत कर | जग्गा धनीबाट | गाउँ कार्यपालिकाको कार्यालय/वडा कार्यालयमा | नियमानुसार | चैत्र मसान्त सम्म | |
| ४ | व्यवसाय कर | व्यवसायीबाट | गाउँ कार्यपालिकाको कार्यालय/वडा कार्यालयमा | नियमानुसार | जेठ मसान्त सम्म | |
| ५ | सवारी कर | सवारी धनीले | गाउँ कार्यपालिकाको कार्यालय/वडा कार्यालयमा | नियमानुसार | दर्ता /नविकरण गर्दा | |
| ६ | मनोरञ्जन कर | सेवा प्रदायकले | गाउँ कार्यपालिकाको कार्यालय/वडा कार्यालयमा | नियमानुसार | जेठ मसान्त सम्म/ सोही दिन | |
| ७ | वहाल बिटौरी कर | सम्बन्धितले | गाउँ कार्यपालिकाको कार्यालय/वडा कार्यालयमा | नियमानुसार | असोज मसान्त सम्म/ सोही दिन | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८ | विज्ञापन कर | सम्बन्धितले | गाउँ कार्यपालिकाको कार्यालय/वडा कार्यालयमा | नियमानुसार | विज्ञापन राख्नु पूर्व | |
| ९ | सेवा शुल्क सम्बन्धी दस्तुरहरु | सेवा प्राप्त गर्नेले | सेवा प्राप्त गर्ने कार्यालयहरुमा | नियमानुसार | सेवा प्राप्त गर्दा | |
| १० | पर्यटन कर | पर्यटकले | गाँउ कार्यपालिकाको कार्यालयमा | नियमानुसार | प्रवेश गर्दा | |
| ११ | पार्किङ शुल्क | पार्किङ गर्नेले | गाउँ कार्यपालिकाको कार्यालय/वडा कार्यालयमा | नियमानुसार | पार्किङ हुँदा | |